# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## छविसपाथिभेरा गाउँपालिका

बझाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## छविसपाथिभेरा गाउँपालिका

### बझाङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## छविसपाथिभेरा गाउँपालिका

बझाङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५४७

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
छविसपाथिभेरा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बझाङ ।

**कैफियत सहितको राय**

हामीले छविसपाथिभेरा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.४ करोड १५ लाख २० हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु ९३ लाख ७९ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ७ लाख ५१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ४८ लाख ३१ हजार, नियमित गर्नुपर्ने रु १ करोड ७४ लाख ७९ हजार र पेश्की रू. ४४ लाख ८० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ६ करोड ३७ लाख ७४ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ९ करोड ७ लाख ३ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

छविसपाथिभेरा गाउँपालिका, बझाङ

## १. चालु वर्षको बेरुजू २०७८।७९

### १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५४ | ७० | ४१५२० | ० | १ | ९३७९ | ५४ | ६९ | ३२१४१ | ७५१ | १७४७९ | १४८३१ | ० | ० | २६९१० | ४४८० |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण ( रु.हजारमा )

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ५३.१ | बैंकले लाभग्राहिको खातामा जम्मा गरि बाँकि रकम फिर्ता गरेको | ४८७९ |
| २ | ५०।४ आंशिक | राष्ट्रपति शैक्षिक सुधार अन्तरगत प्राप्त रकमको कार्यसमपन्न प्रतिवेदन पेश भएको | ४५०० |
| | | जम्मा | ९३७९ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला र स्थानीय तह | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| छविस पाथिभेरा गाउँपालिका बझाङ | ६३७७४ | ० | ५२१२ | ५८५६२ | ० | ३२१४१ | ९०७०३ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : छबिसपाथिभेरा गाउँपालिका, बझाङ , चबिसपथिवेरा गाउँपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | गगन बहादुर ऐडी | २०७८-११-५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | मुकेश कुमार थापा | २०७८-१०-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३२१४०९५७ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २,४९,५९,३७६.४५ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३९,४७,४४,००० | **चालु खर्च** | ३२,६९,३८,६९० |
| **प्रदेश सरकारबाट अनुदान** | १,९५,९५,००० | **पूँजीगत खर्च** | १४,२९,१५,५८९ |
| **राजश्व बाँडफाँट** | ६,१७,८१,७४७ | **वित्तीय/अन्य व्यवस्था** | ११,९६,४१,४४१ |
| **आन्तरिक आय** | ८,६४,६०८ | | |
| **अन्य आय** | ११,३२,७४,२६४ | | |
| **कुल आय** | ५९,०२,५९,६१९ | **कुल खर्च** | ५८,९४,९५,७२० |
| **बाँकी मौज्दात** | | २,५७,२३,२७४.७५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यसपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नुपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, ११६ वर्ग किलोमिटर क्षेत्रफल तथा करिव २० हजार जनसंख्या रहेको छ ।<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| २ | | | **लेखापरीक्षणको क्रममा असुली** - समपुरक अनुदान तर्फको गाउपालिकाको अंश नव्यहोरेको रु१९८२५००।००, बढी भुक्तानी वापतको रु ३०००, दैनिक भ्रमण भत्ता वुझेको समयमा स्थानीय भत्ता भुक्तानी लिएको रु४३४६२।००, अग्रिम कर रु ७३१६ तथा सामाजिक सुरक्षा भत्ता वितरण नगरेको रु ३३२६५ समेत जम्मा रु २०६९५४३।०० वेरुजु खातामा र दाखिला नगरेको आन्तरीक आम्दानी रु ३८०७४।०० सञ्चित खातामा दाखीला समेत कुल जम्मा रु २१०७६१७।०० असुल भई दाखिला भएको छ । | |
| ३ | | | **आय व्यय विवरण**<br>आ.व २०७८/०७९<br>छविस पाथिभेरा गाउँपालिका | |

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | २४९५९३७७ | १ | चालु खर्च | ३२६९३८६९० | ३२६९३८६९० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) बैंक मौज्दात | २३८००७७०.४५ | | २ | पूँजीगत खर्च | १४२९१५५८९ | १४२९१५५८९ |
| | ख धरौटी गत बर्षको | ११५८६०६ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | - | |
| २ | राजस्व ( आन्तरिक आय) | | ६२६४६३५५ | | क) ऋण भुक्तानी | - | |
| | क) आन्तरिक राजस्व | ८६४६०८ | | | ख) ब्याज भुक्तानी | - | |
| | ख) राजस्व बाँडफाँड | ६०६८८२३९ | | | ग) अन्य भुक्तानी | - | |
| | ग) प्रदेश राजश्व | १०९३५०८ | | ४ | लगानी | - | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ३९४७४४००० | | ऋण लगानी | - | |
| | क) वित्तिय समानीकरण अनुदान | १०७१००००० | | | शेयर लगानी | - | |
| | ख) सशर्त अनुदान | २७७२४४००० | | | अन्य लगानी | - | |
| | ग) समपूरक अनुदान | | | ५ | धरौटी फिर्ता | १०२५६३० | १०२५६३० |
| | घ) विशेष अनुदान | १०४००००० | | ६ | जनश्रमदान फिर्ता | - | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | १९५९५००० | ७ | कोष फिर्ता | - | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) वित्तिय समानीकरण अनुदान | ७६२१००० | | ८ | मौज्दात | | २५७२३२७४.७५ |
| | ख) सशर्त अनुदान | ३००९००० | | | क) बैंक मौज्दात | २३६८३३३३.७५ | |
| | ग) समपुरक अनुदान | ३९६५००० | | | ख)धरौटी मौज्दात | १४७७२१६ | |
| | घ) विशेष अनुदान | ५०००००० | | | ग. कर्मचारी कल्याण कोष | ८३००० | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | ० | | | घ लैगिक हिंसा निवारण कोष | - | |
| ६ | अन्य | - | | | ङ विविध खर्च खाता मौज्दात | ४७९७२५ | |
| | | | | | च प्रकोप व्यवस्थापन कोष मौज्दात | - | |
| | क) क्षेत्रीय शहरी विकास योजना | - | | 9 | शशर्त अनुदान फिर्ता | ८२८१९२९ | ८२८१९२९ |
| | ख) सडक बोर्ड नेपाल | - | | 10 | प्रकोप व्यवस्थापन कोष खाता | - | |
| 7 | कार्य संचालन कोष | - | | | विविध खर्च खाता | ७६०५१५ | ७६०५१५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क प्रकोप व्यवस्थापन कोष खाता | - | | | | | |
| | ख विविध खर्च खाता | १२४०२४० | १२४०२४० | | | | |
| १० | धरौटी आय यस आ.व.को | १३३४२४७ | १३३४२४७ | | | | |
| १३ | सामाजिक सुरक्षा | ७८०७३३६७ | ७८०७३३६७ | | सामाजिक सुरक्षा | ७८०७३३६७ | ७८०७३३६७ |
| १४ | एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | ३१५००००० | ३१५००००० | | एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | ३१५००००० | ३१५००००० |
| १५ | स्थानीय पूर्वाधार बिकास साझेदारी कार्यक्रम | - | | | स्थानीय पूर्वाधार बिकास साझेदारी कार्यक्रम | - | |
| १६ | कर्मचारी कल्याण कोष | ८३००० | ८३००० | | | - | |
| | कम आम्दानी जनाएको | १०४३४१० | १०४३४१० | | | | |
| | जम्मा | ६१५२१८९९५ | ६१५२१८९९५ | | जम्मा | ६१५२१८९९५ | ६१५२१८९९५ |

पालिकाले पेश गरेको आ व २०७८।७९ को आयव्यय विवरणमा आम्दानितर्फ रु ६१४१७५५८५।०० कायम गरी मौज्दात् रु २५७२३२७४.७५ समेत रु ६१५२१८९९५।०० को व्यय विवरण पेश गरेको छ । कम आम्दानी जनाएको रु१०४३४१०।०० को सम्वन्धमा पालिकाले यकिन गरी हिसाव मिलान गर्नुपर्दछ ।

४ बैंक हिसाब मिलान—स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक

<table>
<tr><td></td><td></td><td></td><td>रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको बैंक हिसाब मिलान विवरण तयार गरेको जनाएको छ ।<br><table>
<tr><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>सञ्चित कोष</td><td>23712808</td><td>23712808</td><td></td></tr>
<tr><td>चालु खाता</td><td>1893998</td><td>1893998</td><td></td></tr>
<tr><td>पूँजीगत खाता</td><td>91022</td><td>91022</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>आन्तरिक आय र प्रशासनिक खर्चको अनुपातः कार्यालयले उपलव्ध गराएको विवरण अनुसार यो वर्ष गाउँपालिकाको कूल आन्तरिक आय रु. ८२१९८१।०० देखिन्छ भने प्रशासनिक (चालु) खर्च रु.९९९१८८१० रहेको छ । यसरी आन्तरिक आय र प्रशासनिक (चालु) खर्च वीचको अनुपात अर्थात प्रशाशनिक खर्च आन्तरिक आयको तुलनामा ११८ गुना वढी रहेको छ । साथै गाउँपालिकाको यो वर्षको कुल जम्मा खर्च रु५९१५३५६६१।०० रहेकोले उक्त खर्च आन्तरिक आयको ७०३ गुणा बढी रहेको छ । नेपालको संविधान २०७२ ले स्थानीय निकायलाई आर्थिक रुपले समेत पूर्ण आत्मनिर्भर हुने अभिप्रायवाट आर्थिक अधिकार समेत उपलव्ध गराइ स्थानीय सरकारको रुपमा स्वायत्ता प्रदान गरेको छ । सोही वमोजिम गाउँपालिकाले संविधान तथा कानून अनुसार हस्तान्तरण भएको कार्यजिम्मेवारी र जवाफदेहितालाई कुशलता पूर्वक निर्वाह गर्न आन्तरिक स्रोत साधनको परिचालनमा ध्यान दिनु पर्दछ । यसको लागि कानून बमोजिम अधिकार प्राप्त क्षेत्र र विषयका करको आधारको खोजी गर्दे सेवाको आधुनिकीकरण तथा नयाँ सेवाको विस्तारबाट सेवा शूल्क आर्जनमा विशेष जोड दिनुपर्दछ. ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>खर्च बिश्लेषण पालिकाले यस बर्ष कुल आन्तरिक आय, राजस्व बाँडफाँड र अनुदानबाट रु ४६९८५४२७९।०० आम्दानी भएकोमा चालु तर्फ रु ३२६९३८६९०।०० र पूँजिगत तर्फ रु १४२९१५५८९।०० गरी रु ४६९८५४२७९।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०।१८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.६५६७०००।०० खर्च भएको छ जुन आन्तरिक आयको ७।८ गुणा रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७ प्रतिशत चालु र २६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा गाउँपालीकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74 2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, 2053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन ।<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• विषयगत शाखा र वडा कार्यालय पिच्छे जिन्सी सामग्री खरिद र आम्दानी वाँधेकोमा वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाईएन ।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• निर्माण कार्यको लागत अनुमान तयार गरेको जनाएकोमा केही निर्माण कार्यको श्रेस्तासँग लागत अनुमान तथा दर विश्लेषण साथमा संलग्न गरेको पाईएन ।<br>• विजुली महसुल समयमै नतिर्दा जरिवाना समेत थप खर्च भएको ।<br>• तलवी प्रतिवेदन पारीत नगरेको<br>• शिर्षक फरक पारी खर्च लेख्ने गरेको<br>• अनुगमन मुल्यांकन शिर्षकमा खर्च गरेकोमा आंशिक रुपमा मात्र भ्रमण प्रतिवेदन पेश भएको छ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **आन्तरिक लेखापरीक्षण शाखाः** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्यप्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन नभएकोमा आ व को अन्तमा कोष तथा लेखा नियन्त्रक कार्यालयवाट लेखापरीक्षण भएको छ । पालिकाले आफ्नै आन्तरिक लेखापरीक्षण शाखा गठन गरी नियमित रुपमा आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ । आन्तरिक लेखापरीक्षण शाखाको प्रभावकारीताको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा प्रभावकारी वनाई आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| ९ | | | **कन्टेन्जेन्सीबाट अत्याधिक दैनिक तथा भ्रमण भत्ता :** पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन । छुट्टै कन्टेन्जेन्सी खाता नराखेकोले कन्टिन्जेन्सि मा भएको खर्च यकिन हुन सकेन । खर्च रकम मध्ये दैनिक भ्रमण भत्ता र गाडी भाडामा | |

अत्याधिक खर्च गर्ने गरेको छ । यसरी खर्च हुने रकमवाट अनुगमन मुल्यांकन वापत खर्च गरेकोमा भ्रमण अभिलेख खाता नराखेको र भ्रमण प्रतिवेदन दिने गरेको छैन ।

१० **लेखापरीक्षण प्रतिवेदन उपर छलफलः** लेखापरीक्षण ऐन २०७५ को दफा २०मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ ।

११ **चौमासिक खर्च -** आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ (९) बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३५ (१) बमोजिम चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आर्थिक वर्षको अन्तिममा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नपर्दछ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | १६९०७८५८८ | २९०७०१३८ | ५२२०१६३९ | ८७८०६८११ | ५५४९१४९५ |
| चालु खर्चतर्फ | ३१९१२८८५४ | ७६४४२४३६ | १०८०७२०३१ | १३४६१४३८७ | ८५२२१५४९ |
| जम्मा खर्च | ४८८२०७४४२ | १०५५१२५७४ | १६०२७३६७० | २२२४२११९८ | १४०७१३०४४ |
| खर्च प्रतिशत | १०० | २१ | ३२ | ४५ | २८ |

१२ **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता**

<table>
<tr><td>१२.१</td><td></td><td></td><td>अनुदान फिर्ता — संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइयो ।
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>फिर्ता भएको रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>शसर्त</td><td>264324585</td><td>256710721</td><td>7613864</td><td>0</td></tr>
<tr><td></td><td>विषेश</td><td>10400000</td><td>10255186</td><td>144814</td><td>0</td></tr>
<tr><td></td><td>समपुरक</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>प्रदेश सरकार</td><td>शसर्त</td><td>3009000</td><td>2534000</td><td>475000</td><td>0</td></tr>
<tr><td></td><td>विषेश</td><td>5000000</td><td>४९५१७४९</td><td>48251</td><td>०</td></tr>
<tr><td></td><td>समपुरक</td><td>3965000</td><td>3965000</td><td>0</td><td>0</td></tr>
<tr><td></td><td>अन्य</td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>१२.२</td><td></td><td></td><td>अनुदानको अनुगमन — सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२.३</td><td></td><td></td><td>अनुगमन प्रतिवेदनः विशेष अनुदान सम्वन्धी कार्यविधि २०७५ को वुँदा न ११ मा विशेष अनुदानबाट सञ्चालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुनेगरि सँञ्चालन भए नभएको सम्वन्धमा स्थानिय तहले अनुगमन गर्नुपर्ने र सोको अनुगमन प्रतिवेदन चौमासिक रुपमा प्रगति प्रतिवेदन मन्त्रालय र जिल्ला समन्वय समिती समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसै गरि समपुरक अनुदानबाट सञ्चालित योजनाहरुको अनुगमन समितीले प्रतिवेदन तयार गरी सम्वन्धित प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस्तो प्रतिवेदन तयार पारी सम्वन्धित निकायमा पेश गरेको देखिएन।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १३.१ | | | **कानून र सञ्चालन स्थिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएको मा यस पालिकाले हालसम्म ३ वटा ऐन, ३ वटा नियमावली, ९ वटा कार्यविधि लगायत १५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| १३.२ | | | **कार्य संचालन कार्यविधिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई कार्यक्रम संचालन गर्दै आएको छ । कार्यपालिका बाट कार्यविधि स्वीकृत गराएर कार्य गर्नु पर्दछ । | |
| १४ | | | **बजेट तथा कार्यक्रम** | |
| १४.१ | | | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा गाउँपालिका उपाध्यक्षले २०७८/०३/१० गते रु.५० करोड १६ लाख को बजेट सभा समक्ष पेश गरेकोमा २०७८।3।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।२६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १४.२ | | | **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 64858770 | 59754379 | 12 |
| पूर्वाधार विकास | 53159000 | 48275549 | 11 |
| सामाजिक विकास | 260283000 | 243527779 | 52 |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 11905000 | 10567844 | 6 |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>111275000</td><td>99918810</td><td>5</td></tr>
</table>
उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७८।७९ को कूल खर्चमध्ये सबैभन्दा बढी कार्य सामाजिक विकासमा ५२ प्रतिशत र सबै भन्दा घटी कार्यालय सञ्चालन तथा प्रशासनिकमा ५ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।
</td><td></td></tr>
<tr><td>१४.३</td><td></td><td></td><td>
बर्षान्तमा रकमान्तरः स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा(३) अनुसार गाउँपालिकाले सभावाट स्वीकृत बजेट तथा कार्यविधिको परिधि भित्र रही प्रचलित कानून बमोजिम खर्च गर्न सकिने व्यवस्था गरेको छ। तदनुरुप पालिकाले यस ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि तोकीएको कार्यक्रम सञ्चालन गर्नु पर्नेमा यस गाउंपालिकाले २०७७ आषाढमा आर्थिक वर्ष ०७८।७९ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी यस गाउंपालिकाको मिति २०७८ पौषको गाउसभाको को निर्णयवाट निम्नानुसार रकमान्तर गरी खर्च गरेको देखियो ।यसरी शुरुमा स्वीकृत कार्यक्रममा खर्च नगरी वर्षान्तमा बजेट फ्रिज नगर्न शिर्षक परिवर्तन गरी भुक्तानी खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।
<table>
<tr><th>शिर्षक</th><th>शुरु बजेट</th><th>रकमान्तर कायम</th><th>अन्तिम कायम</th><th>निर्णय मिति</th></tr>
<tr><td>कार्यालय मसलन्द</td><td>4043000</td><td>2050000</td><td>6093000</td><td>2078 l 12 l 04</td></tr>
<tr><td>इन्धन</td><td>1850000</td><td>450000</td><td>1200000</td><td>2078 l 12 l 04</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४.४</td><td></td><td></td><td>
भुक्तानी बाँकी - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ (२) मा कार्यालयले चालु आर्थिक वर्षको वजेटले नखाम्ने र बढी खर्च हुने गरी दायीत्व सिर्जना गर्न नहुने उल्लेख छ । त्यस्तै सोही नियमावलीको नियम ३९(१३) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट स्विकृत गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष तेजबहादुर सिंहलाई भुक्तानी बाँकीको प्रमाणित कच्चावारी वेगर गत आ व को गाउ सभा सञ्चालन खर्च उल्लेख गरी भौ नं २५।६।२१ वाट गत वर्षको भुक्तानी बाँकी रहेको भनि रु.८२८२०।०० भूक्तानी खर्च लेखेको छ । पालीकाले अघिल्लो वर्षको भुक्तानी गर्नुपर्ने रकमको भुक्तानी बाँकीको विस्तृत विवरण तथा फाँटवारी तयार गरी भुक्तानी विवरण नियमानुसार प्रमाणित गराएर मात्र अघिल्लो वर्षको दायीत्वको भुक्तानी दिने व्यवस्था हुनु पर्दछ । बजेटले नखाम्ने गरी दायित्व सिर्जना गर्नेलाई कुनै कारवाहि गरेको छैन । यसरी भुक्तानी बाँकिको कच्चावारी वेगर भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु
</td><td>८२,८२०</td></tr>
<tr><td>१४.५</td><td></td><td></td><td>
अबण्डा बजेट— स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने
</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. १ करोड ०९ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको २०७८।११।२८ को निर्णयबाट पुजीगतर्फ शीर्षकमा रु. १ करोड ९ लाख बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ। | |
| १४.६ | | | **योजना र कार्यान्वयन—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क.सं. | विवरण | योजना संख्या |
|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | ८६ |
| २ | रु एक लाख देखि दुई लाख सम्मका योजना | ५२ |
| ३ | रु दुई लाख देखि पाँच लाख सम्मका योजना | ४६ |
| ४ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | २० |
| ५ | दश लाख देखि ५० लाख सम्मका योजना | ११ |
| ६ | ५० लाख बढीका योजना | ३ |
| | जम्मा | २१८ |

| | | | | |
|---|---|---|---|---|
| १५ | | | **आर्थिक सहायता र अन्य विविध खर्च** | |
| १५.१ | | | **आर्थिक सहायता—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले राहत प्रयोजनको लागि यो वर्ष ६२ व्यक्ति एवं संघ संस्थालाई रु १८ लाख ८ हजार आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| १५.२ | | | **खाना तथा विविध खर्च**—स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविध तर्फमात्र रु ३६ लाख १७ हजार खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १५.३ | | | **अनुत्पादक खर्च**—सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले गाउँपालिकामा सञ्चालन हुने मेला जात्रा व्यवस्थापनमा रु ६५००००।०० खर्च गरेको देखिन्छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ | |
| १६ | | | **कानुनि सल्लाहकार**<br><br>सुदुरपश्चिम प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन २०७५ पहिलो संशोधन समेतमा पालिका प्रमुख तथा उपप्रमुखवाट कुनै प्रकारको सल्लाहकार राख्न सक्ने व्यवस्था छैन । स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपुर्ति गर्न नहुने उल्लेख छ । तर गाउपालिका अध्यक्षले कानुनि सल्लाहकारको रुपमा श्री दमन बहादुर भण्डारीलाई नियुक्त गरी मासिक रु २५००० का दरमा चाडपर्व समेत रु ३२५००० भुक्तानी गरेको छ । निजसँग भएको सम्झौता पेश नभएको तथा हाजिरी अभिलेख र स्पष्ट कार्य विवरण समेत पेश नभएकोले अनियमित देखिएको रु | ३२५,००० |
| १७ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| १७.१ | | | **कर्मचारी करार** —स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न विभिन्न पदमा ८४ जना कर्मचारीहरु करारमा राखी रु.२९०५८१२० खर्च लेखेको छ । पालिकाको दरवन्दी तथा पदपुर्तिको विवरण पेश नभएकोले दरवन्दी वाहिरका करारका कर्मचारी यकिन गर्न सकिएन । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको पालिका कार्यालयमा खेलकुद शिक्षक पदमा मंगल वोहरालाई करार नियुक्ति गरी मासिक रु २५००० का दरमा चाडपर्व खर्च समेत बर्ष भरीमा रु. ३२५०००।०० भुक्तानी गरेको अनियमित देखिएको रु. | ३२५,००० |
| १७.२ | | | **कल्याणकोष**—स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हाल सम्म पनि कल्याण कोष गठन गरेको छैन । कानूनको व्यवस्था परिपालनामा पालिका जिम्मेवार वन्नुपर्ने देखिन्छ । | |

१७.३ **सेवा प्रवाहको स्थिति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्न अनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | 55 | 48 |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | 205 | 198 |
| मृत्युदर्ता | 42 | 32 |
| बसाईसराई दर्ता | 66 | 63 |
| विवाह दर्ता | 85 | 85 |
| सम्बन्धविच्छेद दर्ता | 0 | 0 |
| प'र्वाधार विकास सडक निर्माण | | |
| कालोपत्रे सडक निर्माण | विवरण प्राप्त नभएको | |
| कालोपत्रे सडक मर्मत | " | |
| ग्राभेल सडक निर्माण | " | |
| ग्राभेल सडक मर्मत | " | |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

१७.४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक

| | | | | |
|---|---|---|---|---|
| | | | श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ। | |
| १८ | | | **करारका कर्मचारीलाई महँगी भत्ता** - नेपाल सरकार अर्थ मन्त्रालयलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प सं २०७७।७८ च नं १०३ मिति २०७८।३।२४ को पत्रबाट नेपाल सरकार अन्तर्गत विभिन्न निकायको स्वीकृत दरबन्दीमा करारमा कार्यरत कर्मचारीहरुलाई मासिक रुपमा महगी भत्ता उपलब्ध गराउने सम्बन्धी ब्यहोराका सम्बन्धमा कानुनमा यस किसिमको ब्यवस्था नभएकोले महगी भत्ता उपलब्ध गरउन नसकिने निर्णय गरी मिति २०७९।१।२१ मा जानकारी गरएको देखिन्छ । त्यसैगरी स्थानीय तहमा कार्यरत करारका कर्मचारीहरुलाई महँगी भत्ता उपलब्ध गराउन मिल्ने कानूनी ब्यबस्था देखिदैन । तर पालिकाले देहाय बमोजिमका करारमा कार्यरत कर्मचारीहरुलाई करार सम्झौता गर्दा मासिक रुपमा महँगी भत्ता समेत पाउने उल्लेख गरी मासिक रुपमा महँगी भत्ता उपलब्ध गराएको छ । यसरी कानूनमा यस्तो सुविधा पाउने प्रावधान नभएको अवस्थामा सम्झौतामा राखी भत्ता दिन मिल्ने नदेखिएको रु | ९६,००० |

| क्र श | नाम | पद | बार्षिक महङ्गी भत्ता |
|---|---|---|---|
| १ | हिक्मत बहादुर रावल | इन्जिनियर | २४००० |
| २ | बम बहादुर बोहरा | सब-इन्जिनियर | २४००० |
| ३ | सिद्दराज थापा | सहायक पाचौ | २४००० |
| ४ | तेज बहादुर सिंह | कम्प्युटर अपरेटर | २४००० |
| | | जम्मा | ९६००० |

| | | | | |
|---|---|---|---|---|
| १९ | | | **सवारी साधन खरिद** —स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तीय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ३ थान दुई पांग्रे सवारी साधन खरिदमा रु.९६००००।०० खर्च गरेको छ । संघीय सरकारको निर्देशन पालना हुनु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| २० | | | **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च—**पूँजी सिर्जना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीयतहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुनेगरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । यस स्थानीय तहले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट आर्थिक सहायता लगायत भनी विभिन्न व्यक्तिहरुलाइ रु. १८०८००० भुक्तानी दिएको पाईयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २१ | | | **जिन्सी निरीक्षण प्रतिबेदन :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलीको नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखीएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्वन्धमा वर्षमा कम्तिमा १ पटक आफैंले वा जिन्सी शाखा प्रमुख बाहेकको कर्मचारीको नेतृत्वमा कम्तिमा ३ सदस्यीय समिति गठन गरी जिन्सी निरीक्षण गर्न लगाई महालेखा परीक्षकबाट स्वीकृत ढांचामा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने र सो प्रतिवेदनमा उपनियम २ का कुराहरु खुलाउनुपर्ने व्यवस्था छ । तर कार्यालयले जिन्सी निरीक्षण गराएको देखिएन । यसमा कार्यालय प्रमुखलाई जिम्मेवार बनाउनु पर्दछ । लेखापरीक्षणको क्रममा जिन्सी खाता माग गर्दा सफ्टवेयरमा राख्ने गरेको जवाफ प्राप्त भएको र सफ्टवेयर देखाउन अनुरोध गरेकोमा सो समेत देखाइएन । साथै उक्त सफ्टवेयरबाट प्राप्त प्रतिवेदनहरु लेखापरीक्षणमा पेश नभएकोले सो सम्वन्धमा एकिन गर्न सकिएन । यस सम्वन्धमा कार्यालयले प्रमाण पेश गर्नुपर्दछ । | |
| २२ | | | **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । (तालिका तल) पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | 1000000 | 250000 | 25 |
| सिफारिश दस्तुर | 400000 | 401981 | 75 |
| व्यवसाय कर | 200000 | 50000 | 25 |
| अन्य दस्तुर | 200000 | 120000 | 60 |
| जम्मा | 2000000 | 821981 | 41 |

| | | | | |
|---|---|---|---|---|
| २३ | | | **धरौटी** | |
| २३.१ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४(१) मा कार्यालयले धरौटी कोषमा जम्मा गरेको गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्नेछ । साथै नियम ६८(घ) मा कसले के वापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभई बैंकको खातामा रहेको धरौटी रकम कार्यालयले राजस्व खातामा आम्दानी बाँध्नु पर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको धरौटीको नाम नामेसी विवरणमा कुन कुन व्यक्ति वा संस्थाको खुलाई राख्नु पर्नेमा नाम नामेसी विवरण पेश नभएकोले छानविन गरी नाम नामेसी विवरण पेश गर्ने अन्यथा आवश्यक निर्णय गरी संचित कोष दाखिला गरी धरौटी हिसाब अध्यावधिक गर्नुपर्ने देखिन्छ । | |
| २३.२ | | | **धरौटी फिर्ता** पालिकाले देहाय बमोजिमका निर्माण व्यवसायीको नामको धरौटी फिर्ता गर्दाका कर चुक्ता प्रमाण पत्रका आधारमा फिर्ता गरेको छ । यस्तो धरौटी रकम फिर्ता गर्दा सम्बन्धित निर्माण कार्यको कर समायोजन पत्र सैलग्न नगरी धरौटी फिर्ता गरेकोले कर समायोजन पत्र पेश हुनुपर्ने रु<br>भौ नं मिति \| निर्माण व्यवसायी \| फिर्ता रकम<br>६।११।२३ \| मस्टा वाँठपाला कन्स्ट्रक्सन \| 209141<br>७।।११।२५ \| दुनिर खापर कन्स्ट्रक्सन \| 117562 | ३२६,७०३ |
| २४ | ६१३ | २०७८-१२-२४ | **नपाउने पदाधिकारी अन्य सुविधा** स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन (पहिलो संसोधन) २०७६ को दफा ३(१) मा अनुसुचि १ क बमोजिम मात्र सुविधा पाउने व्यवस्था छ । सो सुविधा सँग असान्दर्भिक हुनेगरी वडा नं २ का वडाध्यक्ष विकास कुमार ऐडिको पहिलो पटक स्विकृत भएको भ्रमण आदेश अनुसार २०७८ फागुन १५ देखी २१ सम्म धनगढी काज उल्लेख भएकोमा २ दिन ढीला गरी १७ गते मात्र बझाङ्ग देखी धनगढी सम्म यात्रा गरेको जनाई वोर्डीङ्ग पास र प्लेन टिकट समेत पेश नगरी समिट एअरको रु ५५५० को नगदि रसिद मात्र पेश भएको छ । त्यस्तै धनगढी रहँदाको वखत एउटा भ्रमण आदेशको अवधि सकिए लगत्तै कार्यालय नफर्कि भोलिपल्ट पुन अर्को भ्रमण आदेश अनुसार फागुन २२ देखी २८ सम्म काठमाण्डौको भ्रमण आदेश स्विकृत भएको देखिन्छ । त्यस्तै कार्यालयमा फिर्ता नभई तेश्रोपटक चैत २ देखी ८ सम्म काठमाण्डौ काजको भ्रमण आदेश स्विकृत भएकोमा भ्रमण विल पेश गरेको छैन । निजले चैत १४ गते धनगढी देखी बझाङ्ग फर्कदा जिप रिजर्भ वापत १६००० भुक्तानी लिएको देखिन्छ । त्यस्तै काठमाण्डौ भ्रमण गएको अवधिमा फागुन २५, २७ र चैत १२ को अरुण होटल एण्ड मासु पसल छविसपाथिभेरा गाउपालिका वझाङ्ग को मासु खाना लगायतको विल संलग्न गरी रु ५७९०० भुक्तानी लिएको देखिन्छ । त्यस्तै गाउपालिका तथा वडासँग असम्वन्धित व्यक्ति सुनादेवि ऐडिको नाममा जारी समिट एअरको बझाङ्ग धनगढि यात्राको रु ५५५० को नगदि रसिद र धनगढी - काठमाण्डौ - धनगढी यात्राको रु २५३०० को हवाई टिकट तथा वोर्डिङ्ग पास पेश गरी भुक्तानी लिएको देखिन्छ । यसरी असम्वन्धित व्यक्तिको खर्चका विल, असम्वन्धित समय र स्थानको मासु पसलको मासु खाना विल साथै लगातार ३ भ्रमण आदेश वाट व्यक्तिगत उपचार समेतको कारण जनाई भ्रमण खर्च लेखेको देखिएकोमा पालिकाको कामको प्रयोजन नखुलेको एवं भ्रमण प्रतिवेदन समेत पेश नभएको हुँदा निजलाई भुक्तानी भएको असान्दर्भिक खर्च रु १७६५४८।०० असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु १७६५४८ | १७६,५४८ |

<table>
<tr><td>२५.१</td><td></td><td></td><td>सफ्टवेयर खरिद - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यम बाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनपर्ने व्यबस्था रहेको छ । स्थानीय तहले वडामा सुचना प्रविधि तथा सफ्टवेयर नेट विस्तार सफ्टवेयर खरिद गरी देहाय बमोजिम रु.४९९०००।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभाग बाट स्वीकृत लिएको छैन । उक्त सफ्टवयर हाल प्रयोगमा रहे नरहेको यकिन नभएकोले यस प्रकार पुर्ण रुपमा प्रयोगमा नआउने बस्तु खरिद गर्नु उपयुक्त देखिएन ।</td><td></td></tr>
<tr><td>२५.२</td><td>१३८</td><td>२०७८-८-१८</td><td>सफ्टवेयर खरिद<br>गा पा चालु १३८।८।१८ पालिकाले सुचना प्रणालि तथा सफ्टवेयर सञ्चालन खर्च कार्यक्रम शिर्षक अन्तर्गत सफ्टवेयर खरिद वापत सेक्युर्ड सफ्ट धनगढी कैलालिलाई रु४९९३००।०० भुक्तानी गरेको छ । उक्त सफ्टवेयर खरिद गर्न माग फाराम, खरिद आदेश, तथा खरिद विल पेश नहुनुका साथै जिन्सि दाखिला समेत भएको देखिदैन । यसरी आधार प्रमाण विना खर्च लेखेको उक्त रकमको खर्चको पुस्टयाई नहुने हुँदा कर कट्टी पछिको भुक्तानी रु४७८३६० सम्वन्धितवाट असुल हुनुपर्ने रु</td><td>४७८,३६०</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>असम्वन्धित व्यक्तिको खातामा भुक्तानी पालिकाले विभिन्न कार्यक्रमको भुक्तानि गर्दा सम्वन्धित व्यक्ति वा संस्थाको वैंक खातामा रकम जम्मा गर्नुपर्दछ । पालिकावाट गरिने कतिपय खरिद तथा कार्यक्रमहरुको भुक्तानी गर्दा सम्वन्धित व्यक्ति तथा संस्थाको नाममा वैंक खातामा जम्मा नगरी कुनै एक कर्मचारीको नाममा चेक जारी गरी निजमार्फत् सहायक भरपाई तयार गरी भुक्तानी गरेको पाईयो । यसरी सम्वन्धित लाभग्राहि वा भुक्तानी पाउनुपर्ने व्यक्ति वा फर्मकै खातामा रकम जम्मा नभएका केहि उदाहरण निम्नानुसार छन् । यसमा सुधार हुनुपर्दछ ।
<table>
<tr><td>गो भौ नं</td><td>भुक्तानीको व्यहोरा</td><td>भुक्तानी पाउनुपर्ने व्यक्ति वा फर्म</td><td>रकम</td><td>चेक जारी भएको</td></tr>
<tr><td>२५५।३।७ संघिय शसर्त</td><td>औषधि खरिद</td><td>नागरिक मेडिसिन सप्लायर्स</td><td>७८९२५६</td><td>सिअहेव अम्मर व थापा</td></tr>
<tr><td>२५४।३।७ संघिय शसर्त</td><td>औषधि खरिद</td><td>नागरिक मेडिसिन सप्लायर्स</td><td>४९४३६५</td><td>सिअहेव अम्मर व थापा</td></tr>
<tr><td>२५३।८।२५</td><td>औषधि खरिद</td><td>सुपा मेडि सप्लायर्स</td><td>८९२५२०</td><td>सिअहेव अम्मर व थापा</td></tr>
<tr><td>१४।६।२१ संघिय शसर्त</td><td>न्यानो झोला खरिद</td><td>वि पि ट्रेड एण्ड सप्लायर्स</td><td>२९९६७६</td><td>सिअहेव अम्मर व थापा</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९१।९।२९ संघिय सशर्त</td><td>अनुगमन मुल्यांकन खर्च</td><td>विभिन्न १३ जनाको</td><td>१३२१८५</td><td>सिअहेव अम्मर व थापा</td></tr>
<tr><td>७८५।३।२४ गापा चालु</td><td>अनुगमन मुल्यांकन खर्च</td><td>विभिन्न १० जनाको</td><td>१११९०१</td><td>कुवेर थापा</td></tr>
<tr><td>८९।३।२३ गा पा पुजिगत</td><td>सुरक्षित नागरिक आवास कार्यक्रम</td><td>विभिन्न ८ जना</td><td>४०००००</td><td>वलराम वि सि</td></tr>
<tr><td>७१।३।१९ गा पा पुजिगत</td><td>सुरक्षित नागरिक आवास कार्यक्रम</td><td>विभिन्न ६ जना</td><td>२९६१६८</td><td>पार्वतिदेवि पण्डीत</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>पदाधिकारी सुविधा</td><td></td></tr>
<tr><td>२७.१</td><td></td><td></td><td>पदाधिकारी सुविधाः— स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची—२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जस अनुसार सुदूरपश्चिम प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ असार ११ मा राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भएको सूविधामा यस वर्ष रु ६५ लाख ६७ हजार खर्च लेखेको देखिन्छ।</td><td></td></tr>
<tr><td>२७.२</td><td></td><td></td><td>दैनिक भ्रमण भत्ता स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन २०७५ को दफा ३ मा अनुसुचि १ क बमोजिमको सुविधा मात्र पाउने व्यवस्था छ । सो अनुसार अनुसुचिको क्रम संख्या ७ मा आफ्नो स्थानिय तहभन्दा वाहिर भ्रमण गरेमा मात्र तोकिएको दैनिक भ्रमण भत्ता पाउने उल्लेख भएकोमा देहायबमोजिमका पदाधिकारीलाई आफ्नै स्थानिय तह भित्र भ्रमण गर्दा समेत दैनिक भ्रमण भत्ता भुक्तानी गरेकोमा दिन मिल्ने नदेखिएको रु
<table>
<tr><th>गो भौ नं</th><th>भ्रमण गर्ने पदाधिकारी</th><th>भ्रमण स्थान</th><th>भ्रमण दिन</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>६१।०७८।७।१०</td><td>वडा नं ४ अध्यक्ष अम्मरराज थापा</td><td>वडा नं ४ र ५</td><td>१२।५</td><td>१५०००</td></tr>
<tr><td>१९७।८।२२</td><td>गा पा अध्यक्ष अक्कल वहादुर धामि</td><td>वडा नं ६ र ७</td><td>५।२५</td><td>६८००</td></tr>
<tr><td>३९१।११।३</td><td>गा पा अध्यक्ष अक्कल वहादुर धामि</td><td>वडा नं ५,६ र ७</td><td>६।२५</td><td>१००००</td></tr>
</table>
</td><td>१११,८००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६६०।१।२७</td><td>गापा अध्यक्ष अक्कलवहादुर धामि</td><td>बडा नं १ देखी ७</td><td>२५</td><td>४००००</td></tr>
<tr><td></td><td>गा पा उपाध्यक्ष राधिका कुमारी रताला</td><td>बडा नं १ देखी ७</td><td>२५</td><td>४००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>१११८००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७.३</td><td></td><td></td><td>अनुगमन मुल्यंकन खर्च आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि आवश्यक विल भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका पदाधिकारीहरुलाई अनुगमन मुल्यांकन खर्च भुक्तानी गरेकोमा भ्रमण आदेश समेत स्विकृत नभएको तथा विल पेश नभएकाले अनियमित देखिएको हुँदा प्रमाण संलग्न गरी नियमित गर्नुपर्ने रु
<table>
<tr><td>भौ नं मिति</td><td>भुक्तानी पाउने</td><td>भुक्तानी रकम</td><td>कैफियत</td></tr>
<tr><td>२८।६।२२</td><td>गा पा अध्यक्ष अक्कलबहादुर धामी</td><td>६००००</td><td></td></tr>
<tr><td></td><td>गा पा उपाध्यक्ष राधिका कुमारी रताला</td><td>५६८००</td><td></td></tr>
<tr><td rowspan="2">७८।७।१२</td><td>वडा नं ५ अध्यक्ष लोकेन्द्र ठगुन्ना</td><td rowspan="2">५४०००</td><td rowspan="2">भ्रमण आदेश स्विकृत नभएको</td></tr>
<tr><td>चैनपुर तथा धनगढी भ्रमण २५ दिन</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१७०८००</td><td></td></tr>
</table>
</td><td>१७०,८००</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>अनुत्पादक खर्च— सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले मेला तथा पुजा प्रयोजनमा रु.६५००००।-खर्च गरेको देखिन्छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td>३५</td><td>२०७९-३-२३</td><td>बिल भरपाईः- गो भौ नं ३५।८।२३ आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने विल, भरपाई , प्रमाण र कागजात संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराइ खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालयले सडक सफाई गर्ने कार्य उल्लेख गरी न्यु विष्णु ईन्टरप्राईजेजको भ्याट विलमा ६००० लिटर डीजेलको रु६६८९९६।०० दमन बहादुर रावललाई भुक्तानी गरेको छ । सो कामका लागि कुन ठाउमा कहिले काम भएको कुनै विवरण उल्लेख गरेको छैन साथै धेरै मात्रामा डिजेल खपत भएकोमा लगवुक नराखेको पाईयो । सडक सफाई कामको लागत अनुमान, नापि किताव तथा कार्यसम्पन्न प्रतिवेदन समेत पेश गरी नियमित गर्नुपर्ने रु</td><td>६६८,९९६</td></tr>
</table>

<table>
<tr><td>३०</td><td></td><td></td><td>बिमा नगराएको: सार्बजनिक खरिद नियमावली २०६४को नियम ११२ अनुसार खरिद संझौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १० लाख रुपैंया भन्दा बढी मूल्यको निर्माण व्यवासायीले निर्माण कार्यमा प्रयोग हुने मेशिन औजार प्लान्ट लगायतको क्षती र मानवीय दुर्घटना क्षतिपूर्ति समेतको विमा गराउनु पर्ने व्यवस्था छ ।पालिकाले नियमको उक्त व्यवस्था अनुसार निर्माण व्यवसायीलाई बीमा अनिवार्य गरेको देखिएन । नियमानुसार बीमा अनिवार्य गराउनु पर्दछ ।
<table>
<tr><td>योजना</td><td>लागत अनुमान</td><td>सम्झौता रकम</td></tr>
<tr><td>२ नं वडा कार्यालय भवन निर्माण</td><td>३८१५३६५।४१</td><td>१८२३५३६</td></tr>
<tr><td>स्वास्थ्य चौकि भवन निर्माण</td><td>५९८८०२७</td><td>२६३४८३५</td></tr>
<tr><td>स्वास्थ्य चौकि भवन को घेरावार र्माण</td><td>१९७७७८५</td><td>१९११२४३</td></tr>
<tr><td>खतैडा नैरा पाथिभेरा ग्रामिण सडक निर्माण</td><td>४७४१०५२।९६</td><td>४००००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>उपभोक्तामार्फत हुने खरिदमा खरिद र भुक्तानी<br><br>जटिल संरचना निर्माण —सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धामार्फत् गराउन उपयुक्त हुने देखिन्छ । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>निर्माण कार्यको ड्रइङ डिजाइन: सार्वजनिक खरिद ऐन, २०६३ को नियम दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्य गर्नु अघि नक्सा, डिजाइन र स्पेसिफिकेसन तयार गर्नुपर्ने र दफा ५क. मा लागत अनुमान र नक्सा, डिजाइन तथा स्पेसिफिकेशन स्विकृत गराउनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण गरेका कार्यहरुको नक्सा डिजाइन स्वीकृत गराएको देखिएन र निर्माण कार्यहरुको आंशिक मात्र नक्सा तयार गरेकोमा प्राविधिकले सफ्ट कपी मात्र राखेको देखियो । कार्यालयले सम्पूर्ण निर्माण कार्यहरु नक्सा अनिवार्य रुपमा तयार गरी सोको हार्ड कपी स्वीकृत गराउनु पर्नेमा नगराएकोले सो सम्वन्धमा विश्वस्त हुन सकिएन ।यसमा सम्वन्धित प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । अतः कार्यालयले नियमानुसार नक्सा, डिजाइन र स्पेसिफिकेसन तयार गरी स्वीकृत गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>उपभोक्ता समिति दर्ता‘ सार्वजनिक खरिद नियमावली, २०६४कोनियम९७मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | २५० उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रू. ७ करोड १६ हजार भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्यसम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्यसम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भार मा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| ३४ | | | **हेभी इक्विपमेण्टको प्रयोग'** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांश मा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | |
| ३५ | | | **सब कन्ट्रयाक्टरः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने तथा कुनै निर्माण व्यवसायी वा सव कन्ट्र्याक्टरवाट गराउन नसकिने उल्लेख छ । कुनै कारणवश सो समिति वा समुदाय आफैले संझौता अनुसारको काम सम्पन्न गर्न नसक्ने भएमा सार्वजनिक निकायले समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र नियमावली बमोजिम गराउनु पर्ने उल्लेख छ । यस पालिकाले विभिन्न सडक तथा योजनाहरुको उपभोक्ता समिति संग सम्झौता गरेकोमा सम्बन्धित उपभोक्ता समितिहरुले संझौता अनुसारको काम आफैले नगरी निम्नानुसारका सब कन्ट्रयाक्टरबाट काम गराई निर्माण व्यवसायीले पेश गरेको कर विजकको आधारमा मु.अ.कर समेत रु ६९३०४५९।८१ भुक्तानी गरेको छ । यसरी समिति वा समुदाय आफैले संझौता अनुसारको काम सम्पन्न गर्न नसकेको अबस्थामा नियमको उक्त व्यवस्था अनुसार पालिकाले स्वयम ठेक्का मार्फत् काम गराउंदा प्रतिष्पर्धी दरमा काम गराउन सकिनेमा सो बमोजिम नगरी उपभोक्ता समिति मार्फत सब कन्ट्रयाक्टरले पेश गरेको बिलको रकम भुक्तानी दिंदा राज्यलाई थप व्ययभार परेको देखियो । सो सम्बन्धमा पालिका लगायत सम्बन्धित निकायको ध्यानाकर्षण हुनु जरुरी देखिन्छ । | |

| गो भौ नं. मिति | योजनाको नाम | सब—कन्ट्रयाक्टरको नाम | सब×कन्ट्रयाक्टरको बिजकको रकम |
|---|---|---|---|
| ५।७।१२ | छविसपाथिभेरा गा पा रोड सफाई | वान्नि मष्टा निर्माण सेवा | १४७४५८९।८१ |
| १७१।११।२४ | बाल्याचौर नौरा सडक | कैलाशपति कन्स्ट्रक्सन काठमाण्डौ | ५६३८७० |
| १७६।११।२५ | खतेडा नौरा पाथिभेरा ग्रामिण सडक | दुनिर खापर कन्स्ट्रक्सन बझाङ्ग | ३९४२००० |

| | | | |
|---|---|---|---|
| २९४।३।७ | सल्लिधार विसौना बाल्पचौर सडक | दुनिर खापर कन्स्ट्रक्सन | ९५०००० |
| जम्मा | | | ६९३०४५९।८१ |

३६

**बढी भुक्तानी** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ्ग विल वा अन्य कुनै विलको भुक्तानी गर्दा प्राविधिक मुल्यांकन अनुसार भुक्तानि गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका योजनामा भुक्तानी गर्दा वास्तविक दर विश्लेषण अनुसार तयार गरेको दरमा हुनुपर्नेमा सो भन्दा बढी दरले निम्नानुसारको काममा रु ३५५९६।०० बढी भुक्तानी गरेको छ । बढी भुक्तानी रकम सम्वन्धितवाट असुल गर्नुपर्ने रु ३८,६९७

| गो भौ न | निर्माण कार्यको नाम | उपभोक्ता समिति | बढि भुक्तानि भएको आईटम | परीमाण | भुक्तानी दर | दर विश्लेषण अनुसारको दर | बढी भुक्तानि रु |
|---|---|---|---|---|---|---|---|
| ४।७।१२ | वालिचौर खेल मैदान तथा पार्क व्यवस्थापन | वालिचौर खेल मैदान तथा पार्क व्यवस्थापन उ स | earthwork exvation in BMS | ४३२ घ मि | ७४१।६०<br>अदक्ष जनशक्तिको मेनडेज नर्मस् ०।८ का दरमा हुनुपर्नेमा ०।९ कायम गरी भुक्तानि गरेको | ६५९।२ | ३५५९६।८ |
| १३७।११।२० | कुनै मल्लाघार तारवार | कुनै मल्लाघार तारवार उ स | पि सि सि १:२:४ | १।४४ घ मि | १९२४० | १७०८७।०४ | ३१०० |
| | | | | | जम्मा | | ३८६९६ |

३७

**बार्षिक खरिद योजना/गुरुयोजनाः** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने । नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १४ करोड पूँजीगत खर्च गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य

<table>
<tr><td></td><td></td><td></td><td>गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>सीमा नघाई सोझै खरिद: सार्वजनिक ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट रु पाँच/ दश लाख भन्दा बढी रकमको सोझै खरिद गर्न नसकिने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसारको खरिदमा नियमावलिमा भएको व्यवस्थाको पालना नगरी सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु
<table>
<tr><td>भौ नंमिति</td><td>विवरण</td><td>आपूर्तक</td><td>भुक्तानी रु</td><td>कैफियत</td></tr>
<tr><td>६९४।३।७</td><td>मसलन्द तथा कार्यालय सामान</td><td>उरै सुर्मा स्टेशनरी अडर्स एण्ड सप्लायर्स</td><td>९९४४००</td><td></td></tr>
<tr><td>७५५।३।३०</td><td>मसलन्द तथा कार्यालय सामान</td><td>उरै सुर्मा स्टेशनरी अडर्स एण्ड सप्लायर्स</td><td>९४९२००</td><td></td></tr>
<tr><td>७४१। ३।१६</td><td>गा पा काअसल कार्यको भिडियो डकुमेन्ट्री निर्माण</td><td>मानवता विकास संचारसमुह</td><td>१००००००</td><td>कोटेशन समेत पेश नभएको</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२९४३६००</td><td></td></tr>
</table>
</td><td>२,९४३,६००</td></tr>
<tr><td>३९</td><td>२५९</td><td>२०७९-१-९</td><td>गो भौ नं २५९।१।९ एस टी एस केवल नेटवर्कलाई २०७८।१२।२५ को सम्झौता अनुसारको पर्यटन प्रवर्दन सम्वन्धि डकुमेन्ट्री निर्माण तथा प्रत्यक्ष प्रशारण गर्न रु १००००० भुक्तानी दिने उल्लेख छ । डकुमेन्ट्री निर्माण तथा प्रत्यक्ष प्रशारण लगायतका काम कुन टेलिभिजन तथा रेडियोवाट प्रशारण भएको भन्ने ब्रोडकास्टिङ्ग सर्टिफिकेट समेत पेश भएको छैन । साथै उत्पादित डकुमेन्ट्री कार्यालयमा जिन्सि दाखीला समेत नभएकोले सो को प्रमाण पेश हुनुपर्ने रु</td><td>१००,०००</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>सिलवन्दी दरभाउवाट खरिद सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ मा सार्वजनिक निकायले प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नुहुदैन भन्ने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ३१ मा सार्वजनिक निकायले स्विकृत कार्यक्रम र खरिद योजना अनुसार २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य खुल्ला बोलपत्रको माध्यमद्वारा खरिद</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | गर्नुपर्ने उल्लेख छ । पालिकाले स्वास्थ्यचौकि भवन निर्माणका लागि संघिय सशर्त पूजिगत शिर्षकवाट रु ६२०००००० विनियोजन गरेकोमा रु ५९८८०२७।२५ को लागत अनुमान तयार गरी ई विडिङ्ग मार्फत् वान्नि मष्टा निर्माण सेवासँग रु २६३४८३५ मा सम्झौता भएको छ । बचत बजेटवाट स्वास्थ्य चौकि भवनको घेरावारका लागि रु १९७७७८५।६० को लागत अनुमान तयार गरी सिलबन्दी दरभाउपत्र माग गरेकोमा वान्नि मष्टा निर्माण सेवासँग रु १९११२४३।२८ मा सम्झौता भएको छ । त्यस्तै बचत वजेटवाट पुनः नयाँ काम स्वास्थ्यचौकि भवनको फिल्ड निर्माणका लागि रु ८८८२४१ को लागत अनुमान तयार गरी वान्नि मष्टा निर्माण सेवासँग नै रु ८७३७१६।०० मा सम्झौता भएको छ । यसरी पालिकाले फिल्ड तथा घेरावार निर्माणका लागि पर्याप्त बजेट हुँदाहुँदै फरक फरक लागत अनुमान तयार गरी खरिद सम्झौता गरेकोमा नियमावलिमा भएको व्यवस्था अनुरुप खुल्ला बोलपत्रको माध्यमवाट खरिद गर्नुपर्नेमा सिलवन्दी दरभाउवाट खरिद गरेको पाईयो । यस प्रकारका खरिद तथा निर्माणका कार्य गर्दा नियमावलिमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ । | |
| ४१ | ६८० | २०७९-३-३ | **गा पा चालु**<br>**जिन्सी दाखिला** आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमूखले आफ्नो कार्यालयमा खरिद गरी प्राप्त हुन आएका जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी किताबमा ७ दिनभित्र आम्दानी बाँधी लगत लगत अद्यावधिक गर्नु गराउनु पर्ने ब्यबस्था छ । पालिकाले मालिका कम्प्युटर सेन्टर धनगढीबाट १ थान Dahua AHD Camera खरिद गरी भौ.नं. ६८०।२०७९।३।३ बाट रु. १,८०,०००।०० भुक्तानी गरेकोमा उक्त क्यामेरा जिन्सी दाखिला नभएको रु. | १८०,००० |
| ४२ | ७९९ | २०७९-३-२५ | **विल भरपाई** गो भौ नं ७९९।३।२५ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९ मा रित पुर्वकका खर्चका पर्याप्त विल भरपाई संलग्न गरी भुक्तानि दिनुपर्ने उल्लेख छ । पालिकाले सुवि हार्डवेयर एण्ड सप्लायर्सवाट ११० एम एम पाईप लगायत ३२ प्रकारका रु. ८,०८,७४८।२८ को विल पेश गरी अन्य कार्यालय सञ्चालन खर्च शिर्षकवाट रु. ५,४५,२८५ भुक्तानी गरेको देखिन्छ । यस प्रकारको खरिदमा माग फाराम, खरिद आदेश तथा जिन्सि दाखिला प्रतिवेदन पेश नभएको र सो निर्माण कार्यको लागि लागत अनुमान नापि किताव तथा कार्य सम्पन्न प्रतिवेदन समेत तयार नगरेकोले सो खर्चको पुष्ट्याई पेश गर्नुपर्ने रु. | ५४५,२८५ |
| ४३ | ५१९ | | गो भौ नं ५१९।०७८।११।२९ आयकर ऐन २०५८ को दफा ८७ अनुसारको भुक्तानीमा आग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले नुन ढुवानि अनुदान शिर्षक अन्तर्गत का स चन्द्र कडायतको नाममा रहेको रु१५००००।०० पेश्कि फछ्यौंट् गर्दा रु११०००० को गाडि भाडा वापत भुक्तानी भएकोमा नियमानुसार लाग्ने भाडा कर वापतको रकम असुल गरी दाखीला गर्नुपर्ने रु | ११,००० |
| ४४ | | | **बिल भरपाईः-** आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली 2077 को नियम 39 (5) मा सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने विल, भरपाई , प्रमाण र कागजात संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराइ खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीमा खर्चको पर्याप्त प्रमाण विल भरपाई बेगर भुक्तानी गरेको देखिएकोले विल भरपाई पेश गर्नुपर्ने रु. | १,२६३,९०२ |

| गो भौ नं | खरिद भएको सामानको विवरण | आपुर्तक | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १८५।११।२९ | खानेपानि पाईप खरिद वडा नं २ | प्रिज्मा सप्लायर्स | २००००० | माग फाराम, खरिद आदेश, दाखीला र प्रयोगको स्थिति यकिन नभएको |
| १३७।८।१८ | जस्तापाता एच डि पि ई पाईप लगायत १३ प्रकारका सामान | जय मष्टा हार्डवेयर एण्ड सप्लायर्स | २९२०५१ | कुन प्रयोजनमा र कहाँ प्रयोग खर्च भएको यकिन नभएको |
| ३४८।९।२९ | मसलन्द तथा कार्यालय सामान खर्च शिर्षकवाट विभिन्न खेलकुद सामाग्री खरिद | जेठारा स्टेशनरी एण्ड सप्लायर्स | १०४१८६ | माग फाराम, खरिद आदेश, दाखीला र प्रयोगको स्थिति यकिन नभएको |
| ३४८।९।२९ | व्याच प्रमाणपत्र लगायत १७ प्रकारका सामान | स्टार फोटो कन्सर्न एण्ड मेसेन्जर्स | ३८५८० | माग फाराम, खरिद आदेश, दाखीला र प्रयोगको स्थिति यकिन नभएको |
| ६७।९।२९ | डेल ल्यापटप लगायत ४ प्रकारका सामान | उग्रतारा टेक्निकल गुड सप्लायर्स | २०८५३५ | माग फाराम, खरिद आदेश, दाखीला र प्रयोगको स्थिति यकिन नभएको |
| ६८।९।२९ | डेल ल्यापटप लगायत ४ प्रकारका सामान | वोहोरा ईलेक्ट्रोनिक्स | २३२८९३ | माग फाराम, खरिद आदेश, दाखीला र प्रयोगको स्थिति यकिन नभएको |
| २७२।९।२२ | ४ वटा खटिया | सेरी निशान बसुधारा फर्निचर उद्योग | ३९७०० | जिन्सि दाखीला र प्रयोगको स्थिति यकिन नभएको |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>पि भि सि पाईप लगायत १० प्रकारका सामान</td><td>ए पि सप्लायर्स धनगढी</td><td>४७९५७</td><td></td></tr>
<tr><td>२६४।१।२१</td><td>खेतसैन सिचाई कुलो निर्माणको लागि भुक्तानी</td><td>किस्नादेवि उपाध्याय</td><td>१०००००</td><td>वडा सिफारिस पेश नभएको</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१२६३९०२</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४५</td><td>२००</td><td>२०७८-१२-९</td><td>गाउपालिका पुजिगत<br>गाउपालिकावाट देउवाज मन्दिर घेरवार कार्यको लागि पदम बोहरालाई उपभोक्ता समिति गठन नगरी व्यक्तिगत रुपमा रु २०००००।०० भुक्तानी भएको छ । यसरी मन्दिर घेरावार कार्यका लागि भुक्तानी गरेको रकमको लागत अनुमान तथा प्राविधिक मुल्यांकन फोटो र कार्यसम्पन्न प्रतिवेदन एवं सम्झौता समेत पेश भएको छैन । व्यक्तिको नाममा भुक्तानी भएको रकमवाट तोकिएको कार्य भए नभएको वारे यकिन हुन सकिएन । तसर्थ वास्तविक कार्य भएको भए कामको प्रमाण खुल्ने, सम्झौता लागत अनुमान तथा प्राविधिक मुल्यांकन, फोटो तथा कार्यसम्पन्न प्रतिवेदन संलग्न गरी नियमित गर्नुपर्ने रु</td><td>२००,०००</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>संस्थालाई अनुदान</td><td></td></tr>
<tr><td>४६.१</td><td></td><td></td><td>नाफामूलक संस्थालाई अनुदान —स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष पनि नाफामूलक संस्था लालिगुराँस बहुउद्देश्यिय सहकारी संस्थाको भवन निर्माणको लागि बजेटमै व्यवस्था गरी रु ७००००० अनुदान उपलव्ध गराएको छ । तर त्यसबाट उपरोक्त बमोजिम हुने सेवा प्रवाह तथा जनताको अर्थोपार्जनको आधार सुनिश्चित छैन । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४६.२</td><td></td><td></td><td>अनुदान पालिकाले देहाय बमोजिमका कृषी फर्म तथा उद्योगहरुलाई ५० देखि १०० प्रतिशतसम्म अनुदान बितरण गरेको छ ।यसरी अनुदान बितरण गर्ने सम्बन्धमा पालिकाबाट भएको निर्णय, अनुदान प्राप्त गर्ने संस्थाबीच भएको संझौता तथा अनुदान रकमको अनुगमन प्रतिवेदन पेश नभएको रु.
<table>
<tr><td>भौ नंमिति</td><td>विवरण</td><td>अनुदान प्राप्तगर्ने</td><td>अनुदान रकम</td><td>अनुदान प्रतिशत</td></tr>
<tr><td>१३०।८।१</td><td>कुटानी पिसानी मिलको सामान</td><td>लोकेन्द्र कुटानी पिसानी उद्योग</td><td>१५००००</td><td>५०% अनुदान</td></tr>
</table>
</td><td>२४८,५००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१३१।८।१</td><td>हाते ट्र्याक्टर</td><td>शुभारम्भ बहुध्देशिय कृषि फर्म</td><td>९८५००</td><td>१००% अनुदान</td></tr><tr><td></td><td></td><td>जम्मा</td><td>२४८५००</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>४६.३</td><td>२८४</td><td>२०७९-३-३</td><td>प्रतिष्ठानलाई अनुदान पालिकाले पुष्पलाल स्मृति प्रतिष्ठान शाखा कार्यालय बझाङ्गलाई रु ३७४३००।०० अनुदान भुक्तानी गरेको छ । उक्त रकम के कार्यका लागि उपलव्ध गराएको हो सो को सम्झौता पेश भएको छैन । जसले गर्दा अनुदान रकम उत्पादनमुलक प्रकृतिको काममा उपयोग भए नभएको सम्वन्धमा अनुगमन समेत नभएकोले अनुदान उपयोगको स्थिति विश्लेषण गर्न सकिएन। सम्झौता तथा अनुगमन प्रतिवेदन संलग्न गरी नियमित गर्नुपर्ने रु</td><td>३७४,३००</td></tr>
<tr><td>४७</td><td>२५३</td><td>२०७९-३-७</td><td>समितिलाई अनुदान पालिकाले जयपृथ्वी तरकारी व्लक सञ्चालक समितिवाट काम गराउने गरी पालिकाको अंश रु १२२८००० र जनसहभागिताको अंश रु १३८००० रहने गरी रु १३६६००० को लागत अनुमान तयार गरेकोमा सम्झौता गर्दा पालिकावाट रु १२००००० र जनश्रमदानवाट रु ३००००० समेत रु १५००००० को सम्झौता गरेको छ । तरकारी व्लक सञ्चालक समितिले ४ वटा फलामे टनेल बनाए वापत विरान्जन एग्रो चैनपुरको रु ६४००००।०० विल पेश भएकोमा सो कामको प्राविधिक मुल्यांकन तथा फोटो लगायतको प्रमाण पेश भएको छैन । त्यस्तै तरकारी विउ लगायत अन्य कृषिजन्य सामान खरिद गरेवापत रु ४३९०००।०० को विल पेश भएकोमा ति सामान कहाँ र के प्रयोजनमा प्रयोग भएको उल्लेख छैन । साथै सोहि कार्यक्रममा ४ दिने अगुवा कृषकहरुलाई खाजा खाना खुवाए वापत रु ४५५०००।०० भुक्तानी गरेकोमा ४ दिने तालिम भएको प्रमाणित हुने हाजिरी, तालिमको विषय तथा सहभागि विवरण र तालिम सम्पन्न भएको विवरण खुल्ने कागजात पेश भएको छैन । यसर्थ वैज्ञानिक लागत अनुमान तयार नगरेको तथा खर्च र विल भरपाईको कार्यक्रमसँग तालमेल नमिलेको हुँदा अनुदान रकमवाट वास्तविक काम भए नभएको यकिन गर्न नसकिएको रु</td><td>१,२००,०००</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम— स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एव सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा गोरेटो, घोरेटो र पखाल निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १३३ जनालाई रोजगारी उपलव्ध गराई रु. ५८७१०००।०० खर्च गरेको जनाएको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलव्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।यस सम्बन्धमा पालिकाले निम्नानुसार काम भएको जनाएको छ ।<table><tr><td>qm=;+=</td><td>आयोजनाको नाम</td><td>रोजगार संख्या</td><td>कुल खर्च रकम</td><td>तलबमा खर्च भएको रकम</td></tr><tr><td>१</td><td>गा पा मैदान पि सि सि वडा न ५</td><td>२१</td><td>११९८०००</td><td>१२८८९५०</td></tr></table></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | (continued table below) | |

| | | | |
|---|---|---|---|
| २ | बुढखोरी चिप्लेखोला बाटो निर्माण तथा वडा न ७ सडक निर्माण | १४ | ८५०००० |
| ३ | गहुले सिचाइ कुलो निर्माण वडा न ४ | १२ | ८२०००० |
| ४ | कालिका मन्दिर निर्माण तथा मुम्ला दय मन्डी बाटो निर्माण | १५ | १३०००० |
| ५ | विसौना खा पा तोली बाटो निर्माण पुजारीकोट खा पा तथा सडक निर्माण | २७ | १३०००० |
| ६ | जिवजेनी तटवन्धन तथा वृक्षा रेपण तथा सडक निर्माण वडा न ५ | | |
| ७ | विसाल बजार देखि नेटा सम्म पि पि सी वाटो निर्माण वडा ४ | १३ | ६८३००० |
| ८ | धामीगाउँ देखि गाउँपालिका सम्म सडक निर्माण वडा न ३ | १७ | १२८०००० |
| ९ | भाडे सिचाइ कुलो निर्माण तथा मटेला प्रहरी चौकी निर्माण तथा घेरवार वडा न १ | १४ | ७८०००० |
| | जम्मा | १३३ | ५८७१००० |

| | | | | |
|---|---|---|---|---|
| ४९ | | | **स्वास्थ्यतर्फ** | |
| ४९.१ | | | **औषधी खरिद —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँ सम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर तिनवटा खुला कोटेशन लिई औषधि सोझै खरिद गरेको छ । केहि उदाहरण निम्न छन् । यस किसिमको खरिद कार्य गर्दा प्रतिस्पर्धात्मक खरिद विधि अवलम्वन गर्नुपर्दछ । | |

| गो भौ नं | आपुर्तक | रकम |
|---|---|---|
| २५३।८।२५ संघिय शसर्त | सुपा मेडि सप्लायर्स धनगढि | ८९२५२० |

| | | |
|---|---|---|
| २५३।८।२५ संघिय शसर्त | डि आर सर्जिकल्स धनगढी | ३८२३९८ |
| २५५।३।७ संघिय शसर्त | नागरिक मेडिसिन सप्लायर्स माउण्ट सप्लायर्स | ७८९२५६ |
| २५४।३।७ संघिय शसर्त | नागरिक मेडिसिन सप्लायर्स माउण्ट सप्लायर्स | ४९४३६५ |
| | | २५५८५३९ |

- खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।
- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, व्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।
- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।
- औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।
- तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४९.२ कोभिड १९ को महामारीवाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि २०७८ को दफा ६ (६) मा लाभग्राहिको अन्तिम सुचि स्विकृत भएको तिन दिनभित्र लाभग्राहि निवेदकको वैंक खातामा रकम जम्मा हुनेगरी स्थानिय तहहरुले प्रतिपरिवार दश हजार रुपैयाँका दरले नगद हस्तान्तरण गर्ने उल्लेख छ । कोभीड प्रभावित समुदायका लागि ४२३ जनाको लागि जम्मा ४२३०००० बजेट प्राप्त भएकोमा खर्च गर्न नसकि पुरै रकम फिर्ता भएको छ । नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

४९.३ आ व २०७८।७९ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि उल्लेखनिय खर्च नभएको विवरण पालिकाले पेश गरेको छ ।

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गत बर्षको बाँकी</td><td>०</td><td>राहत वितरण</td><td>०</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै वजेटवाट</td><td>५७१०००</td><td>क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन</td><td>०</td></tr>
<tr><td>संघीय कोभिड कोषवाट</td><td>०</td><td>औषधी एवं स्वास्थ्य उपकरण खरिद</td><td>५७१०००</td></tr>
<tr><td>प्रदेश कोभिड कोषवाट</td><td>०</td><td>आइसोलेसन केन्द्र निर्माण</td><td>०</td></tr>
<tr><td>कार्यपालिका निर्णयअनुसार रकमान्तर</td><td>०</td><td>अस्थाई कोरोना अस्पताल<br>ब्यवस्थापन र कर्मचारी<br>व्यवस्थापन</td><td>०</td></tr>
<tr><td>अन्य स्रोतबाट</td><td>०</td><td>स्वास्थ्य पूर्वाधार निर्माण</td><td>०</td></tr>
<tr><td></td><td></td><td>जोखिम भत्ता</td><td>०</td></tr>
<tr><td></td><td></td><td>प्रशासनिक खर्च (गाडी भाडा<br>र ईन्धन खर्च)</td><td>०</td></tr>
<tr><td></td><td></td><td>कोरोना संक्रमित दुर्घटना<br>उपचार खर्च</td><td>०</td></tr>
<tr><td></td><td></td><td>खोप व्यवस्थापन अन्य खर्च</td><td>०</td></tr>
<tr><td></td><td></td><td>वाँकी</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>५७१०००</td><td>जम्मा</td><td>५७१०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>शिक्षातर्फ</td><td></td></tr>
</table>

५०.१ **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी १८९ र पदपूर्ति १८९ भएको मध्ये करारमा ८९ जना राखि कार्यसञ्चालन गरेकोमा विद्यार्थीको संख्या ६१८४ रहेको देखिन्छ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| 1 | महादेब प्रावि | 2 | 2 | 2 | 79 |
| 2 | जनता आ वि | 5 | 5 | 3 | 114 |
| 3 | बान्नी मष्टा प्रावि | 3 | 3 | 1 | 55 |
| 4 | भगवती प्रावि | 4 | 4 | 2 | 98 |
| 5 | जनप्रिय आ वि | 7 | 7 | 3 | 156 |
| 6 | चन्द्रोदय आवि | 10 | 10 | 4 | 278 |
| 7 | शान्ती मावि | 18 | 18 | 4 | 520 |
| 8 | थलारा मावि | 8 | 8 | 4 | 398 |
| 9 | खापरदेव प्रा वि | 2 | 2 | 1 | 51 |
| 10 | जनज्वति प्रा वि | 2 | 2 | 1 | 91 |
| 11 | यूवा शक्ति आदर्श विद्यालय | 3 | 3 | 1 | 61 |
| 12 | शिशु आधारभूत विद्यालय | 3 | 3 | 1 | 236 |
| 13 | वान्नीचौर मा वि | 26 | 26 | 17 | 674 |
| 14 | सत्यवादी मा वि | 17 | 17 | 9 | 552 |
| 15 | लक्ष्मी प्रा वि | 4 | 4 | 2 | 60 |
| १६ | सन्तोसी आधारभुत विद्यालय | 6 | 6 | 1 | 177 |

| | | | | | |
|---|---|---|---|---|---|
| 17 | सडक जनचेतना प्रा वि | 3 | 3 | 3 | 86 |
| 18 | जनजागर्ती आद्श प्रा वि | 4 | 4 | 4 | 69 |
| 19 | मष्टा बाँठपाला प्रा वि | 2 | 2 | 2 | 52 |
| 20 | सिद्धशान्ति प्रा वि | 1 | 1 | 1 | 53 |
| 21 | शिव शक्ति प्रा वि | 0 | 0 | 0 | 57 |
| 22 | सुर्योदय आधारभुत विद्यालय | 3 | 3 | 2 | 152 |
| 23 | सर्मा आधारभुत विद्यालय | 5 | 5 | 1 | 372 |
| 24 | मझखोरी मा वि बाँठपाली मा वि | 9 | 9 | 3 | 531 |
| 25 | नमुना प्रा वि | 9 | 9 | 3 | 92 |
| 26 | शिव प्रा वि | 2 | 2 | 2 | 125 |
| 27 | भगवती प्रा वि | 2 | 2 | 2 | 59 |
| 28 | सरस्वती प्रा वि | 1 | 1 | 1 | 35 |
| 29 | मष्टा आधारभुत विद्यालय | 1 | 1 | 0 | 85 |
| 30 | कालिका आधारभुत विद्यालय | 3 | 3 | 1 | 144 |
| 31 | जयपृथ्वी अधारभुत विद्यालय | 4 | 4 | 2 | 100 |
| 32 | जनपृय मा वि | 17 | 17 | 3 | 454 |
| 33 | भैरव आधारभुत विद्यालय | 2 | 2 | 1 | 40 |
| ३४ | भैरव प्रा वि | 0 | 0 | 2 | 25 |
| ३५ | डाँडाबाग प्रा वि | 1 | 1 | 0 | 24 |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३६</td><td>सुर्मा वालमनदिर बाल शिक्षा</td><td>0</td><td>0</td><td>0</td><td>29</td></tr>
<tr><td></td><td></td><td>189</td><td>189</td><td>89</td><td>6184</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५०.२</td><td></td><td></td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता — अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्विकृत दरवन्दिका शिक्षकको तलव सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । वित्तिय समानिकरण अनुदानको रकमवाट विद्यालयलाई शिक्षकको तलव भत्ताको लागी अनुदान दिन मिल्ने व्यवस्था देखिदैन । पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगत देखिनै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु ११००००००।०० तलब भत्ता भुक्तानी गरेको नियमसंमत नदेखिएको रु</td><td>११,०००,०००</td></tr>
<tr><td>५०.३</td><td></td><td></td><td>सेनिटरी प्याड खरिद सार्वजनिक ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्न नहुने ब्यबस्था छ ।त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा बीस लाख रुपैयाँ सम्म लागत अनुमान भएको मालसामान वा जुनसुकै सेवा सिलवन्दी दरभाउपत्र आब्हान गरी खरिद गर्न सकिने तथा नियम ८५ -१ख_मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट रु पाँच लाख भन्दा बढी रकमको सोझै खरिद गर्न नसकिने व्यवस्था छ। पालिकाले यस वर्ष प्रतिस्पर्धात्मक विधि अबलम्बन नगरी निम्नानुसार तीन पटकमा रु. १४,०८,३८०।०० का ११२३६ प्याकेट सेनिटरी प्याड खरिद गरेको छ ।खरिद गरेका प्याडहरु मध्ये विभिन्न १६ विद्यालयहरुलाई ९६३७ प्याकेट वितरण गरेको भरपाई पेश भएको छ भने १५९९ प्याकेट मौज्दात नै रहेको देखिन्छ।पालिकाले यस किसिमको खरिद कार्य गर्दा प्रतिस्पर्धात्मक विधि अबलम्बन गर्नुपर्ने तथा समयमै विद्यालयहरुलाई वितरण गर्ने व्यवस्था मिलाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।
<table>
<tr><td>भौ नं मिति</td><td>विवरण</td><td>आपुर्तक</td><td>संख्या</td><td>रकम</td></tr>
<tr><td>९९।०७८।९।२९</td><td>सेनिटरी प्याड</td><td>जयमष्टा ट्रेड सप्लायर्स</td><td>३९६६</td><td>४९७२००</td></tr>
<tr><td>१५८।०७८।११।३०</td><td>सेनिटरी प्याड</td><td>जय श्री मष्टा स्टोर</td><td>३९७०</td><td>४९७८३६</td></tr>
<tr><td>३११।०७९।३।२३</td><td>सेनिटरी प्याड</td><td>जय श्री मष्टा स्टोर</td><td>३३००</td><td>४१३३४४</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>११२३६</td><td>१४०८३८०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५०.४</td><td>७३</td><td>२०७९-३-१८</td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम - प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९-१२-२३ को निर्णयाबाट रु. ९९०००००। सम्परीक्षण गरिएको ।</td><td>०</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ५०.५ | २५२ | २०७९-३-७ | साक्षरता पुनर्ताजकिय तालिम गो भौ नं २५२।३।७ पालिकाले शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमवाट साक्षरता पुनर्ताजकिय तालिम कार्यक्रमका लागि मानवतावादी जयपृथ्वि शान्ती विकास समाजलाई रु ६५००००।०० भुक्तानी गरेको छ । पाँच लाख रुपैया भन्दा माथिको खरिद कार्य गर्दा प्रतिस्पर्धाको माध्यमवाट सिलवन्दि दरभाउपत्र आव्हान नगरी सोझै खरिद सम्झौता गरेको छ । पालिका र समाजविच मिति २०७८।१०।२० मा भएको सम्झौतामा कति जनालाई उक्त तालिममा सहभागि गराउने भन्ने स्पष्ट प्रावधान समेत राखेको छैन । वडा नं २ कार्यालयले मिति २०७८।१२।२८ मा उक्त कार्यक्रम सम्पन्न भएकोले भुक्तानी गरीदिनका लागि पालिकालाई सिफारिस पत्र लेखेको देखिन्छ । तर उक्त तालिममा कति जना सहभागि उपस्थित भएका थिए र कति जनाले तालिम सम्पन्न प्रमाणपत्र लिए भन्ने सम्वन्धमा सहभागिको उपस्थिति हाजिरी, तालिम सम्पन्न प्रमाणपत्र तथा तालिमको सुरुवाति तथा सम्पन्नका फोटोहरु कुनै पनि पेश नभएवाट उक्त तालिममा भएको भनिएको खर्च पुष्टि हुन नसकेको रु | ६५०,००० |
| ५१ | | | **रसिद नियन्त्रण खाता :** पालिकाले राजश्व असुलीमा प्रयोग हुने रसिदको दुरुपयोग हुन नदिन रसिद नियन्त्रण खाता ( म.ले.प.फ.न ९०४) तयार गरी राख्नु पर्नेमा सो वमोजिम रसिद नियन्त्रण खाता राखेको छैन । जसबाट पालिकासँग रहेको विगतको बाँकी नगदी रसिद, यस वर्ष छपाई भएका रसिद तथा यस वर्ष विभिन्न वडा तथा पालिकाको राजस्व शाखालाई उपलव्ध गराएको रसिद के कति संख्यामा रहेका थिए यकिन गर्न नसकिएको हुँदा रसिदको प्रयोगबाट उठेकोराजस्व यकिन गर्न सकिएन । यस सम्बन्धमा पालिकाले सवै वडा तथा पालिकाको राजस्व शाखामा वास्तविक रुपमा प्रयोग भएका रसिदहरु यकिन गरीराजस्व आम्दानी सम्वन्धमा सुनिश्चित हुनुपर्दछ । | |
| ५२ | | | सामाजिक सुरक्षा भत्ता वापतको रकम वितरण गर्न वडा नं ३ कार्यालय का वडा सचिव शोभान वि क लाई रु ४५७२२७४ निकासा गरेकोमा रु ४५२५९९३।०० को मात्र वितरण भरपाई पेश भएकोले बाँकि रकम रु ४६२८१।०० को फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ४६,२८१ |
| ५३ | | | **सामाजिक सुरक्षा कार्यक्रम** | |
| ५३.१ | | | प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति **२०७९-१२-२३** को निर्णयाबाट रु. **४८७८९७९।३३** सम्परीक्षण गरिएको । | ० |
| ५३.२ | | | **लाभग्राही परिचयपत्र अभिलेखः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चासलन कार्यविधि २०७५ को दफा १० र ११ अनुसार स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित मुल अभिलेख अद्यावधिक गरि वडा कार्यालय अनुसार तयार गर्ने र केन्द्रिय पञ्जि करण विभागले सञ्चातलनमा ल्याएको व्यवस्थापन सुचना प्रणाली एम. आइ .एस मा प्रविष्ट गरि प्रणालीबाट प्राप्त भए बमोजिमको परिचय पत्र लाभग्राहीले भत्ता पाउन सुरु गर्ने चौमासिक भन्दा अघिल्लो चौमासिक सम्ममा उपलब्ध गराइसक्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले निर्देशिका अनुसार मुल अभिलेख परिचयपत्र तथा एम. आइ .एस प्रविष्टी गरेको भएतापनि सो को अधावधिक अभिलेख तयार गरेको देखिएन । | |
| ५३.३ | | | **भत्ता वितरणको अनुगमनः** सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ कार्यविधिको बुदा न २८ मा स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिले चौमिसिक रुपमा बैठक बस्ने तथा अनुगमन प्रतिवेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । तर | |

<table>
<tr><td></td><td></td><td></td><td>त्यस अनुसार अनुगमन गर्ने बैठक बस्ने तथा प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । अतः कार्यविधि अनुसारको कार्यहरु कार्यान्वयन गरिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५३.४</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता प्रदान गर्न उमेर पुगेका तथा संभाव्य लाभग्राहिको विवरण नभएकोले अधिकांश लाभग्राहिले भत्ता पाउन वाट वञ्चित हुनुपरेको छ । एम आई एस सिस्टम मा उल्लेख भएका लाभग्राहिलाई वैंक खाता खोल्ने तथा भत्ता सुविधा प्रदान गर्न वडा तथा गाउपालीकाले पहल गर्नुपर्ने र सेवा सुविधा लिन नआएकाको लगत अद्यावधिक गर्नुपर्ने देखीन्छ ।</td><td></td></tr>
<tr><td>५३.५</td><td></td><td></td><td>सार्वजनिक सुनुवाईः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७५ अनुसार गाउँपालीकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। गाउँपालीकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन । गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>मूल्य अभिवृद्धि करः मुल्य अभिवृद्धि कर नियमावली २०५३(आठौं संसोधन) को दफा ६(ग) तथा आर्थिक ऐन २०७८ अनुसार ठेक्का वा करार अन्तगत वस्तु आपूर्ति वापतको मुल्य अभिवृद्दिकर भुक्तानी गर्दा सो कर रकमको ३० प्रतिशतले हुन आउने रकम ठेकेदार वा आपूर्तिकर्ताको नामबाट स्वयमं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्ने र सो व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था छ। पालिकाले उक्त व्यवस्था वमोजिम ३० प्रतिशत मु.अ.कर रकम स्वयम कार्यालय मार्फत राजस्व दाखिला गर्नु पर्नेमा सो वमोजिम नगरी निम्नानुसारको भुक्तानीमा निर्माण व्यवसायी तथा आपूर्तिकर्तालाई शतप्रतिशत भुक्तानी दिएको देखिएकोले भूक्तानी भएको मु.अ.कर सम्वन्धमा सम्वन्धित आन्तरिक राजस्व कार्यालयवाट मु.अ.कर समायोजन भएको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गरी दाखिला गर्नु पर्ने देखिएको रु.
<table>
<tr><th>सिनं</th><th>गो भौ नं</th><th>विवरण</th><th>भुक्तानि रकम</th><th>३० प्रतिशत</th></tr>
<tr><td>१</td><td>२५८।३।९जलश्रोत पूजिगत</td><td>कैलाश मिडिया वृतचित्र निर्माण</td><td>३०००००</td><td>१०३५३</td></tr>
<tr><td>२</td><td>३१६।३।१९गा पा पुजिगत</td><td>दुर्गा जनरल स्टोर विभिन्न समान खरिद</td><td>४८५२८६</td><td>१६७४८</td></tr>
<tr><td>३</td><td>२५८।३।९ सशर्त चालु</td><td>कैलाश मिडिया वृतचित्र निर्माण</td><td>३०००००</td><td>१०३५४</td></tr>
<tr><td>४</td><td>२७९।३।१४ सशर्त चालु</td><td>भुवनेश्वरी ईलेक्टोनिक्स सामान खरिद</td><td>४९५०००</td><td>१५८४२</td></tr>
<tr><td>५</td><td>२१९।१।६ सशर्त चालु</td><td>काफलि ट्रेड सप्लायर्स सामान खरिद</td><td>४०००००</td><td>१३८४५</td></tr>
</table></td><td>३९७,३६५</td></tr>
</table>

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ६ | २८८।३।१९ सशर्त चालु | सगुन ट्रेड सप्लायर्स सामान खरिद | ४२१९३० | १४५६२ | |
| | | | ७ | २९०।३।२० सशर्त चालु | जयमस्टा सपिङ्ग सेन्टर सामान खरिद | २११६५० | २८५७३ | |
| | | | ८ | ३०३।३।२१ सशर्त चालु | पुष्प प्रिन्टर एण्ड स्टेशनरी सामान खरिद | १९९७८४ | ६८९६ | |
| | | | ९ | १५८।११।३० सशर्त चालु | जयमस्टा स्टोर सामान खरिद | ४९७८३९ | १७१८३ | |
| | | | १० | ७८।३।२० सशर्त पूजिगत | युनिक स्मार्ट प्रा लि काठमाण्डौ | ४९९५०० | ७२९९ | |
| | | | ११ | | सनम ईन्टरनेशनल ईन्टरप्राईजेज | ५००००० | १७२५६ | |
| | | | १२ | ६०।३।९ सशर्त पूजिगत | मध्यान्न मिडिया प्रा लि | १४३५९४।७५ | ४९५६ | |
| | | | १३ | ७५१।३।१९ गा पा चालु | अमिर मार्केटस् सप्लायर्स | ३५५४९५ | १२२६९ | |
| | | | १४ | १६८।८।२१ | ग्लोवल स्पोर्टस काठमाण्डौ | ४५२००० | १५६०० | |
| | | | १५ | ७५५।३।२० | उरै सुर्मा स्टेशनरीअडर्स एण्ड सप्लायर्स | ९४९२०० | ३२७६० | |
| | | | १६ | ६९४।२।७ | उरै सुर्मा स्टेशनरीअडर्स एण्ड सप्लायर्स | ९९४४०० | ३४३२० | |
| | | | १७ | ६३७।१।५ | उरै सुर्मा स्टेशनरीअडर्स एण्ड सप्लायर्स | ४२९४०० | १४८२० | |
| | | | १८ | २२९।८।२४ | उरै सुर्मा स्टेशनरीअडर्स एण्ड सप्लायर्स | ४९७२०० | १४८१३ | |
| | | | १९ | ५००।११।२४ | एभरेष्ट वायरलेस नेटवर्क प्रा ली | १००३४४० | ३४६३२ | |
| | | | २० | ५०५।११।२५ | जयमष्टा हार्डवयर एण्ड सप्लायर्स | १६७००३ | ५६६४ | |

| | | | | |
|---|---|---|---|---|
| २१ | ५१६।११।२९ | जेठारा स्टेशनरी एण्ड सपलायर्स | १३१०८० | ४५२४ |
| २२ | ५२३।११।२९ | कैलाश न्यूज सेन्टर एड्भरटायजमेन्ट | १९९७८४ | ६८९६ |
| २३ | ५३७।११।२९ | अमिर मार्केट्स एण्ड सप्लायर्स | २७४२५१ | ९४६५ |
| २४ | ६८०।०३।०३ | मालिका कम्प्युटर सेन्टर | १८०००० | ६२१३ |
| २५ | ७४१।३।१६ | मानवता विकास संचार समुह | १०००००० | ३४५१४ |
| २६ | ७००।३।९ | निर्मल हार्डवयर्स एण्ड सप्लायर्स | २०३०२० | ७००८ |
| | | | | ३९७३६५ |

५५ **पेश्की बाँकी :** आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फछ्र्यौट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार रु.२७३१५३६४।०० पेश्की फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु. ४,४८०,०००

| सि.नं. | व्यक्ती, फर्म वा कम्पनीको नाम | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|
| | | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| १ | जनसेवा कन्सट्रक्सन | ६५९३६४ | ० | ६५९३६४ |
| २ | पुष्प निर्माण सेवा | ४७६००० | ० | ४७६००० |
| ३ | नेपाल विधुत प्राधिकरण बझाङ वितरण केन्द्र | २७००००० | ० | २७००००० |
| ४ | नेपाल विधुत प्राधिकरण बझाङ वितरण केन्द्र | १५००००० | ० | १५००००० |
| ५ | जनप्रिय मा.वि. बगडगाउ | ० | ३८१०००० | ३८१०००० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>सुङ्गाला कृषक समुह</td><td>०</td><td>६०००००</td><td>६०००००</td></tr>
<tr><td>७</td><td>टिका अयडी</td><td>०</td><td>७००००</td><td>७००००</td></tr>
<tr><td>८</td><td>खानि थोदुङ्ग जागृत जे भि</td><td>११५०००००</td><td>०</td><td>११५०००००</td></tr>
<tr><td>९</td><td>खानि थोदुङ्ग जागृत जे भि</td><td>६००००००</td><td>०</td><td>६००००००</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>२२८३५३६४</td><td>४४८००००</td><td>२७३१५३६४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५६</td><td>२२६</td><td>२०७९-३-२६</td><td>प्रमाण कागजात : २२६।०७८।३।२६ सार्वजनिक खरिद नियमावली, २०७६४ को नियम ८५(४) मा रु. १ लाख भन्दा बढीको खरिद गर्दा मौजुदा सूचिमा रहेको कम्तिमा ३ वटा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने र आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र जिम्मेवार व्यक्तिले त्यस्तो खर्च लेखु अघि त्यस्तो रकम भुक्तानी दिन बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सूचना सन्देश प्रशारण गर्न साइपाल एफ एम संग सम्झौता गरी रु. ३०००००।— भुक्तानी गरेकोमा सम्झौतामा मिति उल्लेख नभएको, एफ एम बाट प्रसारणको समय दर पेश नभएको, कुन कुन सूचना कुन दिन र कति समय प्रसारण भएको हो सोको विवरण ब्रोडकास्टिङ्ग सर्टिफिकेट समेत पेश नभएकोले उक्त प्रमाण वेगर भुक्तानीको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>३००,०००</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>वेरुजु लगत तथा सम्परीक्षण<br><br>यस वर्ष फछ्र्यौट भएको वेरुजुको विवरण निम्नानुसार रहेको छ ।
<table>
<tr><td>सि.न.</td><td>बेरुजु दफा न.</td><td>बेरुजुको व्यहोरा</td><td colspan="4">फछ्र्यौटको आधार</td><td>सम्परीक्षण</td></tr>
<tr><td></td><td></td><td></td><td>असुली</td><td>प्रमाण</td><td>नियमित</td><td>पेश्की</td><td></td></tr>
<tr><td>१</td><td>८८।०७७।७८</td><td>सुर्योदय आ वि समपुरक अनुदानतर्फ</td><td></td><td></td><td></td><td>२७६४६६</td><td>२७६४६६</td></tr>
<tr><td>२</td><td></td><td>छोडोखोला खोरी खा पा योजना</td><td></td><td></td><td></td><td>२५००००</td><td>२५००००</td></tr>
<tr><td>३</td><td></td><td>मटेला कृषि सहकारी</td><td></td><td></td><td></td><td>३०८२१२</td><td>३०८२१२</td></tr>
</table>
</td><td></td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | | सुर्योदय आ वि | | | | ९००००० | ९००००० |
| ५ | | छोडोखोला खोरी खा पा योजना | | | | २७१६१३९ | २७१६१३९ |
| ६ | | बहुउद्देश्यिय कुटानि पिसानि कृषक समुह | | | | १४०००० | १४०००० |
| ७ | | वानडाडा निजिधारा खानेपानि | | | | १०९१०७ | १०९१०७ |
| ८ | ७४।०७७।७८ | सुरेश सिंह धामि तालिम कार्यक्रम | | २३७४०० | | | |
| ९ | ४४।०७७।७८ | सुर्मा एग्रोभेट सेन्टरवाट कृषि सामान वितरण | | ५५१५०० | | | |
| | | जम्मा | | ७८८९०० | | ४४२३४५८ | ५२१२३५८ |

५८

अद्यावधिक वेरुजु

यस पालिकाको २०७८।७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।

**रु हजारमा**

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू |
|---|---|---|---|---|
| | | | | (E=A-B+C+D) |
| ७९२२६ | ५२१२ | ४१५२० | ० | ११५५३४ |

**संपरीक्षणबाट थप भएको बेरूजू**

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयको आईसिटि व्यवस्थापन सम्वन्धि पालिका र विद्यालयविच भएको सम्झौता अनुसार आईसिटि व्यवस्थापनको काम सम्पन्न भएपछी पालिकाले अनुगमन गर्ने उल्लेख भएकोमा हालसम्म अनुगमन गरेको छैन । विद्यालयले व्यवस्थापन भएको कक्षाकोठाको सामाग्रि प्रत्यक्ष देखीने गरी प्र अ ले पछाडिपट्टि प्रमाणित गरी विद्यालयको छाप लगाई पालिकामा पेश गर्नुपर्ने उल्लेख छ । विद्यालय व्यवस्थापन समितिको निर्णय प्र अ ले प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने उल्लेख भएकोमा सामाजिक परीक्षण प्रतिवेदन र सम्वन्धित वडा कार्यालयको आईसिटि व्यवस्थापन भएको सिफारिस पत्र तथा दाखिला प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । यस वर्ष थलारा आधारभुत विध्धालय समेत विभिन्न ३ विद्यालयलाई भवन निर्माण तथा आई सि टि भवन लगायतका लागि रु ९९०००००।०० भुक्तानी भएको छ । विद्यालयको लागि व्यवस्थापन अनुदान भुक्तानी गरेको निम्नानुसारका विद्यालयवाट विल भरपाई, खर्च गर्ने निर्णय लगायत अनुदान उपयोग सम्वन्धमा अनुगमन प्रतिवेदन समेत पेश नभएको रु
<table>
<tr><td>विद्यालयको नाम</td><td>ठेगाना</td><td>निकासा रकम ५०% भौतिक मात्र</td><td>जम्मा निकासा रकम</td></tr>
<tr><td>श्री मष्टा आवि</td><td>गुरेल्थम</td><td>१८०००००</td><td>१८०००००</td></tr>
<tr><td>श्री जयपृथ्बी आवि</td><td>जिबली</td><td>१८०००००</td><td>१८०००००</td></tr>
<tr><td>श्री शिशु आवि दय</td><td>दय</td><td>१८०००००</td><td>१८०००००</td></tr>
<tr><td colspan="2"></td><td>५४०००००</td><td>५४०००००</td></tr>
</table></td><td>5400000.00</td></tr>
</table>